"विद्या धमन्, सर्व धनम्, प्रधानम्"

सम्पर्क नं. ९८०६०९७३३०

# श्री लेखनाथ आधारभूत विद्यालय

## SHREE LEKHNATH BASIC SCHOOL

यांङवरक गाउँपालिका-४, सालबोटे, थर्पु, पाँचथर

Yangwarak Rural Municipality-4, Salbote, Tharpu, Panchthar

स्थापना- २०४५

Estd-2045

प.सं.- २०८३/०८४ कोशी प्रदेश, नेपाल

च.नं.- ९४ मिति:- २०८३/०६/०९

**विषय:- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस श्री लेखनाथ आधारभूत विद्यालय याङवरक-४, पाँचथरमा प्राथमिक तह, तृतीय श्रेणी शिक्षक दरवन्दी १ (एक) रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति-२०८३/०६/०८ गतेको निर्णय तथा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २२९, मिति-२०८३/०५/२६ को शिक्षक सरुवा अनुमति पत्र अनुसार शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३ सहित) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरवन्दीमा शिक्षक सरुवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह, तृतीय श्रेणीको स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य र इच्छुक शिक्षकबाट प्रचलित कानुन बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०६/२३ गते) कार्यालय समय भित्र सरुवाका लागि निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु-

१. सरुवाका लागि रित पूर्वकको निवेदन।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
३. स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।
४. सेवा अवधी खुल्ने कागजात।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
७. असाधारण तथा वेतलवी बिदा लिए/नलिएको कागजात।
८. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी।
९. हाल कार्यरत विद्यालयको सरुवा सहमति सम्बन्धी वि.व्य.स.को निर्णय र सहमति पत्र।
१०. सम्बन्धित स्थानीय तहको सहमति पत्र।
११. शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने कागजात।
१२. शिक्षा नियमावली २०५९ को अनुसूची-१७ बमोजिमको फाराम।

पुनश्च: बाहिर जिल्लाबाट आउनेले जिल्ला समन्वय इकाई [illegible] को सहमति पत्र।

उक्त समयावधी भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रकृया अगाडि वढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बोधार्थ:

१. शिक्षा विकास तथा समन्वय एकाइ पाँचथर- जानकारी तथा सूचना वेबसाइटमा प्रकाशनका लागि।
२. शिक्षा, युवा तथा खेलकुद शाखा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय- जानकारी तथा सूचना वेबसाइटमा प्रकाशनका लागि।

पुनश्च: तोकिएको म्याद भित्र विद्यालय समयमा उपस्थित भई निवेदन पेश गर्न सकिने छ। रित पूर्वक प्राप्त नभएको निवेदन दर्ता हुने छैन। थप सम्पर्क नं. ९८०६०९७३३०

टिकादेवी भट्टराई